# ECHO OF HIS CALL

# येशू ख्रीष्टको बोलावटको प्रतिध्वनि

**NEPALI**

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

**Editor : S. SAM SELVA RAJ** | **16 Languages** | **Associate Editor : Bro. Bhuvan Devkoda**

Vol. XX | YEAR OF OUR LORD JESUS CHRIST, 2020 FEBRUARY | No.5


### पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

परमप्रभुको प्रशंसा

### भजनसंग्रह २०:१–९

१. सङ्कष्टको दिनमा परमप्रभुले तपाईंलाई उत्तर देऊन्, याकूबका परमेश्वरको नाउँले तपाईंलाई सुरक्षा देऊन् ।

२. उहाँले पवित्रस्थानबाट तपाईंलाई सहायता पठाऊन् र सियोनबाट तपाईंलाई सहारा देऊन् ।

३. उहाँले तपाईंका सबै बलिदानहरूको सम्झना राखून् र तपाईंका होमबलि ग्रहण गरून् ।

४. उहाँले तपाईंको मनोरथ पूरा गरून् र तपाईंका सबै योजनाहरू सफल गराऊन् ।

५. तपाईंको विजयमा हामी आनन्दले जयजयकार गर्नेछौं र हाम्रा परमेश्वरको नाउँमा हामी आफ्ना झन्डा उच्च पार्नेछौं । परमप्रभुले तपाईंका सबै बिन्ती पूरा गरिदेऊन् ।

६. अब मलाई थाहा भयो कि परमप्रभुले आफ्ना अभिषिक्तलाई सहायता गर्नुहुन्छ। उहाँले आफ्नो दाहिने बाहुलीको उद्धार गर्ने शक्तिद्वारा आफ्नो पवित्र स्वर्गबाट उनलाई उत्तर दिनुहुनेछ ।

७. कोही रथहरूमा र कोही घोडाहरूमाथि भरोसा गर्छन् तर हामी त परमप्रभु, हाम्रा परमेश्वरकै नाउँमा भरोसा गर्छौं ।

८. तिनीहरू रन्थनिएर जमिनमा लोट्नेछन् तर हामीहरू त खडा हुनेछौं र सोझा उभिनेछौं ।

९. हे परमप्रभु, राजालाई विजय प्रदान गर्नुहोस्। हामीले पुकार्दा हामीलाई उत्तर दिनुहोस् ।

## तपाईं आफैंले आफ्नो भविष्य बनाउनुहोस्

**"... परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ र उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ...** (व्यवस्था ३०:२०) ।

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

यो संसारका मानिसहरू जीवनका वर्षहरू वृद्धि गर्न र रोगबिनाको दीर्घ जीवनको निम्ति चाहना गरिरहेका छन् र यो कुरालाई प्राप्त गर्न तिनीहरूले धेरै प्रकारका तरिकाहरू र कोसिसहरू गर्छन् । यस कुरालाई पछ्याउँदा केहीले सफलताहरू प्राप्त गर्छन् भने धेरैले असफलता पाउँछन् । एउटा भनाइ छ, सबै सिक्ने मानिसहरूले प्राप्त गरेका छैनन् र सबै प्राप्त गरेकाहरूले सिकेका छैनन् । यो संसारमा कुनै पनि थोक प्राप्त गर्नको निम्ति कुनै पनि मानिसले परमेश्वरको अनुग्रह र कृपा पाउनुपर्छ ।

सर्वशक्तिमान परमेश्वरले उहाँमा बलियो रूपमा विश्वास गर्ने आफ्ना मानिसहरूद्वारा मात्रै धेरै असल थोकहरू र आधुनिक सामानहरू दिनुभएको छ। हालका दिनहरूमा हामीले विद्युत, विभिन्न प्रकारका बत्तीहरू, सवारी साधनहरू, दुई चक्केहरू, हवाइजहाजहरू, रेलहरू, ट्याक्टरहरू, घडीहरू, क्यामेराहरू, स्टिच गर्ने मेसिनहरू, औषधीहरू, आदिजस्ता धेरै थोकहरू प्रयोग गर्छौं । तर जब हामी यी थोकहरूका आविष्कारकहरूका पृष्ठभूमिबाट भएर गुज्रिन्छौं, यी सबै आविष्कारहरूका पछाडि हाम्रो जीवित परमेश्वर हुनुहुन्छ भनेर देखेर हामी अचम्ममा पर्न सक्छौं । त्यसैले सृष्टिकर्तालाई नचिन्ने मानिसहरूले यो संसारमा अत्यन्तै साना कुराहरू आविष्कार गर्न सक्छन् । तर हामी सबैले परमेश्वरका मानिसहरूका आविष्कारका फलहरूमा आनन्द गरिरहेका छौं ।

यो वर्ष परमेश्वरले तपाईंबाट केही नया कुराहरू गर्न चाहनुहुन्छ। परमेश्वरको योजना र त्यसका कार्यान्वयनका लाभहरू सबैका हुन्, जसरी हामीले बतास र वर्षा, सूर्य र चन्द्रमामा आनन्द गर्छौं । परमेश्वरले कसैको पक्षपात गर्नुहुन्न (एफिसी ६:९) । तपाईंबाट परमेश्वरको योजना प्रकट हुने र तपाईं आशिष्ले भरिने हरेक सम्भावना छ । हाम्रो परमेश्वरले गरिबहरूलाई धूलोबाट उठाउनुहुन्छ र दरिद्रहरूलाई खरानीको धुलोबाट उचाल्नुहुन्छ (१ शमूएल २:८) । तपाईंले जीवनमा हरेक थोक गुमाउनुभएको हुन सक्छ तर याद राख्नुहोस्, तपाईंले आफ्नो भविष्य गुमाउनुभएको छैन । तयार हुनुहोस् र प्रभु येशू

बाँकी पृष्ठ २ मा

**२०१९ स्वर्ण महोत्सव वर्ष**

*Touching lives by Teaching...since 1969*

# ECHO OF HIS CALL

(ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, MARATHI, KANNADA, BENGALI, GUJARATI, ODIA, NEPALI, ASSAMESE, PUNJABI, URDU, SINHALA & AFRIKAANS MONTHLY MAGAZINE)



## “...परमप्रभुले तिमीहरूलाई प्रशस्त उन्नति दिनुहुनेछ” (व्यवस्था २८:११) ।

प्रभु येशू ख्रीष्टमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं । परमेश्वरको सुसमाचारद्वारा विभिन्न संस्कृतिका मानिसहरूका जीवनलाई छुनमा उहाँको सेवकाइमाथि उहाँले खन्याउनुभएको आशिष्को निम्ति हामी परमेश्वरप्रति धन्यवादी छौं । यो समाचार पत्र पढ्नुभएको निम्ति, प्रार्थना गरिदिनुभएको निम्ति र हामीलाई सहायता गरिरहनुभएको निम्ति हामी तपाईंप्रति अत्यन्तै कृतज्ञ छौं ।

तपाईंलाई थाहै छ, हाम्रो बहुसङ्ख्यक सेवकाइहरूबाट प्रभु येशू ख्रीष्टको महिमित सुसमाचार फैलाउन हामी डिसेम्बर १, २०१९ देखि जनवरी ३१, २०२० सम्मै अत्यन्तै व्यस्त थियौं । विश्वासयोग्य मालिकको रूपमा परमेश्वरले हाम्रा आधारभूत आवश्यकताहरू उपलब्ध गरिरहनुभएको र देशहरूका निम्ति उहाँको दर्शन पूरा गर्न हामीलाई अगुवाइ गरिरहनुभएको छ ।

हामी तपाईंका पत्रहरू, एसएमएस, इमेलहरू, ह्वाटस्एप, टेलिफोन सन्देशहरू, आदिबाट अत्यन्तै उत्साहित भएका छौं । तपाईंको विनम्रताको निम्ति परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस् । हामीलाई एसएमएस र ह्वाटस्एप सन्देशबाट अभिवादन गर्नुहुने सबै मित्रहरूलाई हामी धन्यवाद दिन्छौं ।

**बोलावटको प्रतिध्वनिको** २०२०, जनवरी अङ्कमा उल्लेख गरिएको हाम्रो प्रार्थनाको बुँदाको निम्ति हामीले परमेश्वरबाट असल प्रतिक्रिया पाएका थियौं । हामी हाम्रा प्रार्थनाका साझेदारहरू र सहयोगीहरूप्रति वास्तवमै गर्व गर्दछौं ।

हरेक वर्ष हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा अध्ययन गरिरहेका हाम्रो सम्पूर्ण विद्यार्थीहरूले आफ्नो सरकारी परीक्षामा राम्रो अङ्क ल्याई पास गरिरहेका छन् । यो वर्ष पनि सन् २०२० अप्रिलमा आउन लागेको सरकारी परीक्षाहरूमा हाम्रा विद्यार्थीहरूको सफलताको निम्ति तपाईंको प्रार्थनाको निम्ति हामी आग्रह गर्दछौं ।

हाम्रा मण्डलीहरू, १६ वटा भाषाहरूमा भएका प्रकाशनहरू, नहेम्याह बाइबल कलेजहरू, सुसमाचारीय छापाखाना र अन्य क्रियाकलापहरूका निम्ति तपाईंको प्रार्थनाको निम्ति आग्रह गर्दछौं । प्रभुमा हामी तपाईंलाई प्रेम गर्दछौं र तपाईंको निम्ति प्रार्थना गर्दछौं ।

परमेश्वरले तपाईं आशिष् देऊन् ।

**ख्रीष्ट येशूमा तपाईंको सेवक,**
**एस. साम सेल्भाराज**




**CHIEF EDITORS**
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.
**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.
**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager
**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.
**ADVISORY BOARD**
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Aud. K. Puratchivendan, M.Com., B.L.
Bro. Rajeswaran Samuel, B.Com.
**PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
**Echo of His Call Printers**
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai - 600 005, India.
**Phone :** (+91-44) 2852 8282
2852 9293, 2854 7766
**Email :** sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**Websites :**
www.echoofhiscall.org
www.echoofhiscall.com

*पृष्ठ १ बाट*

ख्रीष्टले तपाईंको निम्ति तयार राख्नुभएको आशिष् उत्तराधिकार गर्न अगाडि आउनुहोस् ।

केही पचास वर्षअघि मेरो जीवनमा यस्तै प्रकारको अवस्था थियो । मेरा साथीहरू र आफन्तहरूका बीचमा केही मद्यपान र लागुपदार्थको दुर्व्यसन, चलचित्र हेर्ने बानी, शरीरका अभिलाषाहरूप्रति आशक्ति, मूर्तिपूजकहरू, झुट बोल्नेहरू, अरूका कुरा काट्नेहरू, चोरी गर्ने बानी, रुपैयाँपैसाको प्रेमी र परमेश्वरको वचनबाट भाग्ने बानी भएका थिए । म पनि यी थोकहरूबाट स्वतन्त्र थिइनँ । तर हाम्रो प्रभु येशू ख्रीष्टले अनुग्रहपूर्वक फसाउने नराम्रा पापहरूदेखि मलाई बचाउनुभयो । यो अवस्थामा, म केही गर्न सक्दिनँ तर केवल निर्णय लिन्छु ।

जब म अस्थिर अवस्थामा थिएँ, मेरो कक्षाको साथी भाइ जी. जेयानाथ पावलमोनीले मलाई पढ्न अनुरोध गर्दै एउटा सुसमाचारको पर्चा दिएको थियो । त्यो पर्चा चेन्नाइमा बस्ने भाइ शमूएल दानिएलले प्रकाशन गर्नुभएको थियो । मैले त्यो पर्चा दुई मिनेटमा नै पढें । पर्चाको सन्देशचाहिँ येशू ख्रीष्टले तपाईंलाई

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ✪ BIBLECOR - Postal Courses (3 languages) ✪ Theological Correspondence Courses (2 languages) ✪ Church Planting ✪ Nehemiah Bible Colleges ✪ Gospel Printing Press ✪ Great Commission Partners ✪ Village English High School ✪ Crusades ✪ 100 Prayer Warriors ✪ Community Development

आकर्षित गरेको थियो। मैले त्यो पर्चा बारम्बार पढें ।

प्रभु येशू ख्रीष्टले मलाई के कुरा सही हो र के कुरा गलत हो भनेर सिकाउनुभएको थियो भनेर मैले बुझें । त्यसैले मैले असल कुराको खोजी गर्न सुरु गरें । परमप्रभुले मलाई समात्नुभयो। "तर परमप्रभुले भक्तजनहरूलाई आफ्नो निम्ति छुट्याउनुभएको छ..." (भजनसंग्रह ४:३)। मैले आफ्नो सम्पूर्ण हृदय र भविष्य बिनाशर्त उहाँमा समर्पित गरें। मैले आफ्नो भित्री हृदयमा आनन्द पाएँ ।

"दश हजारमध्ये पनि मेरा प्रेमी श्रेष्ठ, उज्ज्वल र रातो-पिरो हुनुहुन्छ । उहाँको शिर निखुर सुनको छ, उहाँको केश घुम्रिएको र कागजस्तो कालो छ। उहाँका आँखाहरू पानीका खोलाको छेऊमा बस्ने ढुकुरहरूजस्ता दूधले पखालिएको, बहुमूल्य मत्थर जडिएका जस्ता छन्। उहाँका गालाहरू बास्न फिँजाउने सुगन्धित मसलाका ड्याङजस्तै छन् । उहाँका ओठ मूर्रको रस चुहाउने लिली फूलहरूजस्ता छन् । उहाँका हात पीतमणि जडिएका सुनका लहुरोजस्तै छन्। उहाँका पेट नीरहरू जडेर सजाइएको, टल्काइएको हस्ती-हाडजस्तो छ। उहाँको गोडा शुद्ध सुनका जगमा बसालिएका सिङ्गमरमरका खामाहरूजस्तै छन् । उहाँको आकार लेबनानजस्तै, त्यसका देवदारुजस्तै उत्तम छ। उहाँको मुख मिठासले नै भरिएको छ, उहाँ पूर्णरूपले सुन्दर हुनुहुन्छ। उहाँ नै मेरा प्रेमी, मेरा मित्र हुनुहुन्छ, हे यरूशलेमका छोरीहरू हो" (श्रेष्ठगीत ५:१०-१६)।

मैले येशूमा पवित्र मित्र पाएँ र उहाँलाई मेरो मुक्तिदाताको रूपमा स्वीकार गर्दै ज्ञान उत्तराधिकार पाएँ। यो छनोटले मेरो जीवनलाई उलटपुलट पारेको थियो ।

म बोल्नमा ढिलो थिएँ र अध्ययनमा ढिलो थिएँ, मेरो कुनै राजनैतिक पृष्ठभूमि थिएन र आर्थिक सहायता वा कुनै मानिसको शक्ति थिएन। तर प्रभु येशू ख्रीष्टले मलाई उचाल्नुभयो। अब म चाहना गर्दिनँ। सोही येशूले तपाईंलाई पनि उचाल्नुहुनेछ । 'उहाँकहाँ आउनुहोस् । जीवनमा उठ्ने कुरा निश्चित छ।'

परमप्रभुले मानिस जातिलाई यो कुरा दिनुभएको कुरा अत्यन्तै विशेष कुरा हो। तपाई अगाडि आउनुहुन्छ र यसलाई छान्नुहुन्छ भने जीवनमा यो तपाईंको निम्ति विशेष कुरा हुनेछ। तपाईंले यो कुराबाट स्वर्गका धन उत्तराधिकार गर्न सक्नुहुन्छ। असल छनोटको अर्थचाहिँ तपाईंले परमप्रभुलाई मन पर्ने कुरा छानिरहनुभएको छ।

तपाईंको विगतको जीवन तीतोपनले भरिएको हुन सक्छ तर तपाईंले आफ्नो भविष्यको बारेमा कुनै भय मान्नुपर्ने जरुरी छैन, नडराउनुहोस्। असल समाचारले तपाईंलाई पर्खिरहेको छ। के तपाईंले आफ्नै भविष्य छान्न सक्नुहुन्छ ? के तपाईंले शान्तमय भविष्य भएको चाहना गनर्सहुन्छ ? त्यो तपाईंको हातमा छ। परमप्रभुले तपाईंसँग धेरै अवस्थाहरूमा बोल्नुभएको छ । उहाँको आज्ञा पालन गर्ने समर्पणताको साथमा आजै निर्णय गर्नुहोस् । निर्णय तपाईंको हो । तपाईंलाई कसैको पनि सहायताको आवश्यकता छैन किनकि यो समुद्रभन्दा पारि छैन, यो कसैले चढ्नुपर्ने स्वर्गमा टाढा छैन र तपाईंको निम्ति त्यो ल्याउनुपर्छ। तपाईंले गर्नुपर्ने काम भनेको आफ्नो हृदयमा परमप्रभुमाथि विश्वास गर्नु र तपाईंको मुखबाट यो कुरा घोषणा गर्नु हो । तपाईंले आफ्नो हृदयमा निर्माण गर्नुभएको विश्वास र तपाईंले आफ्नो मुखले घोषणा गर्नुभएको वचनमा तपाईंको भविष्य निर्भर हुन्छ ।

आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढो छैन । "हाम्रा निम्ति स्वर्गमा उक्लेर कसले त्यो ल्याइदिएर हामीलाई बताइदिने र हामी त्यो पालन गरौं ?" भनी तिमीहरूले भन्नुपर्दैन किनभने त्यो स्वर्गमा छैन । "कसैले सागर पारि गएर हामीलाई त्यो ल्याइदिएर हामीलाई सुनाइदिने र हामी त्यो पालन गरौं ?" भनी तिमीहरूले भन्नुपर्दैन किनभने त्यो सागरको पल्लो छेउमा पनि छैन । तर तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको नजिकै छ– तिमीहरूकै मुख र तिमीहरूकै हृदयमा छ (व्यवस्था ३०:११-१४)।

परमेश्वरले व्यवस्था ३०:२० मा अत्यन्तै स्पष्टताको साथमा सरलताको साथमा जीवन र दीर्घकालीन जीवन र विजयी जीवनको निम्ति गुप्त कुरा सिफारिस गर्नभएको छ। यस कुराले तपाईंमा असल कुरा ल्याउनेछ, "परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ र उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"

## १. तपाईंको परमेश्वरलाई प्रेम गर्नुहोस् ।

केही मानिसहरूले यो संसारको प्रेमलाई गलत स्थानहरूमा लगानी गरेका छन्, जस्तै शरीरको अभिलाषा, आँखाको अभिलाषा र जीवनको शेखी, "पिताहरू, म तिमीहरूलाई लेखिरहेछु किनभने सुरुदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौ। युवक हो, म तिमीहरूलाई लेखिरहेछु किनभने तिमीहरू बलिया छौ र परमेश्वरको वचन तिमीहरूमा रहन्छ र तिमीहरूले त्यस दुष्टलाई जितेका छौ । संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकि संसारमा भएका सबै थोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइन् तर संसारबाट आएका हुन् । संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ तर परमेश्वरको इन्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ" (१ यूहन्ना २:१४-१७)।

संसारको समाचारहरूलाई हेर्नुहोस्। हरेक ठाउँमा हत्याहरू, डकैतीहरू, बलात्कारहरू, आर्थिक समस्याहरू, आदि छन्, जसले सामान्य मानिसको जीवनलाई प्रभाव पारेको छ । यी सबै कुराहरू भएका छन् किनभने मानिसहरूले गलत स्थानहरूमा आफ्नो प्रेम रोपेका छन्। मानिसहरूले सृष्टिकर्ता परमेश्वरको बारेमा सोचेका थिएनन् र धेरैले आफ्नो विश्वास सृष्टि गरिएका थोकहरूमा लगानी गरेका छन् । बाइबलले भन्दछ, "अघि नै आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर" (उपदेशक १२:१)। राजनैतिक अगुवाहरूमा आफ्नो जीवन अर्पण गर्ने र बलात्कारहरू र हत्याहरूमा संलग्न भएकाहरू वृद्धि भएका छन्। तिनीहरूले आफ्ना सृष्टिकर्तालाई बिर्सेका छन्। प्रभु येशू ख्रीष्टले भन्नुभयो, "तर पहिले परमेश्वरको राज्य र धार्मिकताको खोजी गर र यी सबै तिमीहरूलाई थपिने छ" (मत्ती ६:३३) । अत्यन्तै थोरै मानिसहरूले यो बोलावट सुनेका छन् र कार्य गरेका छन्।

सबैभन्दा पहिलो अर्थचाहिँ तपाईंको जीवनमा भएका सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरलाई प्राथमिकता दिनुहोस्। यस्तो गर्दा तपाईंले आफ्नो जीवनमा चमत्कारहरू र आश्चर्यकर्महरू देख्नुहुनेछ।

तपाईंको अघि बोल्ने मैले आफ्नो जीवनमा यो कुरा अनुभव गरेको छु । म तपाईंको अघि राम्ररी नै गवाही दिन सक्छु कि मेरा सम्पूर्ण सम्पत्ति, समय, शिक्षा, शारीरिक स्वास्थ्य, आदिमा मैले मेरो प्रभुलाई प्राथमिकता दिएको छु । जसको कारणले गर्दा परमप्रभुले मलाई हजारौं आशिषको मार्गहरूका रूपमा मलाई प्रयोग गरिरहनुभएको छ । तपाईं पनि अगाडि आउनुहोस् । प्रभुले तपाईंसँग भएका केही कुरा पनि लैजानुहुनेछैन । परमप्रभुले तपाईंलाई समृद्ध बनाउनुहुनेछ र तपाईंका कार्यहरूलाई वृद्धि गर्नुहुन्छ र ती कुरा तपाईं र तपाईंका पुस्ताहरूलाई पनि दिनुहुन्छ ।

शरीरको अभिलाषा, धमिलो उठाइलगिने र परीक्षामा पार्ने आनन्द र प्रेमका सम्बन्धमा आफ्नो प्रेम लगानी गर्ने मानिसहरूले आफ्नो प्रेम परमेश्वरमा राखेका छन् र परिणामहरू देखेका छन् । यो चुनौति हो । हाम्रो प्रभु येशूजस्तो साँचो प्रेमी र मित्र संसारमा अरू कोही पनि हुन सक्दैन ।

आँखाका पाप र आफ्ना सम्पत्तिको मोहको कारणले गर्दा अझै धेरै मानिसहरू सताइएका छन् र तिनीहरू त्यसबाट बाहिर आउन सकेको थिएनन् । आफ्ना पाप पूरा गर्नको निम्ति टेलिभिजन, इन्टरनेट र मोवाइलहरूजस्ता आधुनिक आविष्कारहरू त्यसलाई सहायता गर्न आएका छन् । केही मानिसहरू आफ्ना मूर्तिहरू (नायकहरू), शैलीहरू र सम्पत्तिबाट परीक्षित भएका छन् । तिनीहरू अपराधहरूमा फँस्छन् र झ्यालखानामा र निको हुन नसक्ने रोगहरूका साथमा अस्पतालमा अन्त्य हुन्छन् ।

प्रियहरू, आज, तपाईंले आफ्नो प्रेम कहाँ लगानी गरिरहनुभएको छ ? के तपाईंले सही स्थानमा लगानी गर्नुभएको छ ? के तपाईंले त्यसको अन्त्य देख्नुभएको छ ? परमप्रभुले तपाईंका क्रियाकलापहरूलाई दण्ड दिनुहुन्छ भने त्यस्तो दलदलबाट बाहिर निस्कनुहोस् र येशूको पवित्र अनुहार हेर्नुहोस् ।

जीवनको शेखी दुष्टता हो, त्यो खतरनाक हुन्छ । परमप्रभुले घमण्ड गर्नेहरूलाई उहाँको विरोध गर्नेहरूका रूपमा विचार गर्नुहुन्छ । परमेश्वरले घमण्डलीहरूको विरोध गर्नुहुन्छ (याकूब ४:६) । केही मानिसहरू आफू गरिब छन् भनेर विचार गर्छन्, आफू धनी छु भनेर आफूमा घमण्ड गर्नुहोस् । जब तिनीहरू के हुन् भनेर कोहीले तिनीहरूलाई पहिचान गर्छन्, तिनीहरूलाई अपमान गरिन्छ । परमेश्वरले नम्रहरूलाई अनुग्रह दिनुहुन्छ (याकूब ४:६) । त्यसैले, "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन" (१ यूहन्ना २:१५) ।

## २. येशू खीष्टको आवाज सुन्नुहोस्

येशू खीष्टले मानिसहरूलाई अन्य मानिसहरू, प्रिन्ट र मिडियाबाट बोलाउनुहुन्छ । उहाँले तपाईंलाई पनि बोलाउनुहुनछ । उहाँले तपाईंलाई नयाँ जीवन दिन चाहनुहुनछ । "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८) ।

संसारमा भएका धेरै मानिसहरू मानिसहरूबाट छलिएका छन्, जसले आफूलाई परमेश्वरको सन्देशवाहकहरू वा परमेश्वरको अवतार भनेर दाबी गर्छन् । तर येशूलाई पछ्याएको हुनाले कोही पनि गरिब बनेका छैनन् । इस्राएलका राजा दाऊदले घोषणा गर्छन्, "म जवान थिएँ, अब म वृद्ध भएको छु तर धर्मी जनहरू त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ" (भजनसंग्रह ३७:२५) ।

"हे परमेश्वरका बलिष्ठ हो, परमप्रभुकै गुणानुवाद गर, परमप्रभुलाई महिमा र शक्तिको श्रेय देओ । परमप्रभुको नाउँलाई सुहाउँदो महिमाको श्रेय उहाँलाई देओ । उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर । परमप्रभुको वाणी पानीहरूमाथि छ, महिमाका परमेश्वर गर्जनुहुन्छ, परमप्रभु शक्तिशाली पानीहरूमाथि गर्जनुहुन्छ । परमप्रभुको वाणी शक्तिशाली छ, परमप्रभुको आवाज प्रतापी छ ।


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि ;** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ ।

## ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

बिस्तृत जानकारीको लागिः अध्यक्ष, नहेम्याह बाइबल कलेज
10, Mohammed Abdullah 2nd Street, Opp. Cricket Stadium,
Chepauk, Chennai - 600 005, India.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766, Cell : 98410 71852. 95661 31858**
**E-mail : biblecor@yahoo.co.in**


**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरले काम गर्नुभएको छ । प्रशंसाको निम्ति बुँदाहरू

फेब्रुअरी १९: हाम्रा समर्पित श्रमहरू र एकताको निम्ति परमप्रभु हाम्रो परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २०: हाम्रा बोलावटको प्रतिध्वनि सेवकाइहरूका सम्पूर्ण सहयोगीहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २१: हाम्रा प्राविधिक कर्मचारी र तिनीहरूका परिवारहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २२: हाम्रो मुख्य मण्डलीमा हुने ५ वटा भाषाहरूमा हुने ७ वटा सेवाहरूमा परमेश्वरले आशिष् दिइरहनुभएको छ ।

फेब्रुअरी २३: परमप्रभुले हाम्रो मुख्य र शाखा मण्डलीहरूमा आशिष् दिनुभएको छ ।

फेब्रुअरी २४: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका प्रधानाध्यापक, शिक्षकहरू र कर्मचारी सदस्यहरूका निम्ति हामीले परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २५: १६ वटा भाषाहरूमा हाम्रो छापाखानामा छापिने हाम्रा सुसमाचारीय साहित्यलाई परमेश्वरले आशिष् दिनुभयो र मिसन क्षेत्रहरूमा पठाइएको छ ।

फेब्रुअरी २६: हाम्रो अस्पतालको सेवकाइमा हाम्रो परमप्रभुले आश्चर्यकर्म गरिरहनुभएको छ ।

फेब्रुअरी २७: बोलावटको प्रतिध्वनिका सेवकाइहरूका हाम्रा प्रार्थनाका साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २८: विगतको वर्ष सुसमाचारको साथमा सुसमाचार नपुगेका क्षेत्रहरूमा प्रवेश गर्न परमेश्वरले अनुग्रहपूर्वक हामीलाई सहायता गर्नुभयो ।

फेब्रुअरी २९: हाम्रो मुख्य मण्डलीमा भएका हाम्रा सहकर्मीहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मार्च १: विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि मण्डलीका सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मार्च २: हाम्रा सवारी साधनहरू र चालकहरूको सुरक्षाको निम्ति परमप्रभु हाम्रा परमेश्वरको प्रशंसा गरौं ।

मार्च ३: हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै दुष्ट शक्तिहरूबाट हाम्रो परमप्रभुले बचाइरहनुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

मार्च ४: यो महिनामा बोलावटको प्रतिध्वनि सेवकाइहरूका सम्पूर्ण आर्थिक आवश्यकताहरू परमेश्वरले पूरा गरिदिनुभएको होस् भनेर प्रार्थना गरौं ।

मार्च ५: बाइबलकोर- आधारभूत बाइबल पत्राचार कोर्सहरू र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूका विद्यार्थीहरूका निम्ति प्रार्थना गरौं ।

मार्च ६: लागु पदार्थको दुर्व्यसनमा परेकाहरू सबै जना दुर्व्यसनबाट निस्कन सकून् ।

मार्च ७: हाम्रा देशका युवायुवतीहरू परमेश्वरको सम्बन्धमा नजिक भएर जिउन सकून् ।

मार्च ८: मिसनको क्षेत्रमा काम गर्ने कर्मचारीहरूका निम्ति प्रार्थना गर्ने आत्मा हाम्रा मण्डलीका सदस्यहरूलाई परमप्रभुले प्रदान गर्नुभएको होस् ।

मार्च ९: हाम्रा अफ्रिकान्स् सहसम्पादक बहिनी मारिएटजी नेल्सन र उहाँको परिवारका सदस्यहरू र सहयोगीहरूका निम्ति प्रार्थना गरौं ।

मार्च १०: संसारमा हरेक स्थानमा शान्ति छाएको होस् भनी परमेश्वरलाई प्रार्थना गरौं ।

मार्च ११: शैक्षिक सत्र २०२०-२०२१ म हाम्रो नहेम्याह बाइबल कलेजहरूका निम्ति परमेश्वरले उपयुक्त विद्यार्थीहरू दिनुभएको होस् ।

मार्च १२: सबै देशहरूमा जागृतिको निम्ति प्रार्थना गर्न परमेश्वरले धेरैभन्दा धेरै प्रार्थनाका योद्धाहरू दिनुभएको होस् ।

मार्च १३: हाम्रो सुसमाचारीय छापाखानाको निम्ति फोल्डिङ मेसिन र पिनिङ मेसिन उपलब्ध गर्नलाई परमप्रभु हाम्रा परमेश्वरले पर्याप्त मात्रामा आर्थिक सहायता हामीलाई प्रदान गर्नुभएको होस् ।

मार्च १४: परमेश्वरले हाम्रा राजनैतिक अगुवाहरूलाई मुक्तिको अनुभव दिनुभएको होस् ।

मार्च १५: हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूको अधिक विकास र विस्तारको निम्ति परमेश्वरमा प्रार्थना गर्नुहोस् ।

मार्च १६: संसारभरि रहेका सम्पूर्ण अविश्वासीहरू र आतंककारीहरूका बीचमा पश्चात्तापको निम्ति खोजी भएको होस् भनी प्रार्थना गर्नुहोस् ।

मार्च १७: परमप्रभु हाम्रा परमेश्वरले हाम्रा कार्यालय र स्कुलमा पर्याप्त मात्रामा कर्मचारी सदस्यहरू दिनुभएको होस् ।

मार्च १८: परमेश्वरले हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई संसारका सबै दुष्ट शक्तिहरूबाट निरन्तर जोगाउनुभएको होस् ।

पृष्ठ ४ बाट

परमप्रभुको आवाजले देवदारुहरू भाँचिन्छन् । परमप्रभुले लेबनानका देवदारुहरू टुक्रा-टुक्रा पार्नुहुन्छ । उहाँले लेबनानका पर्वतहरूलाई बाछालाई जस्तै र सिरिओन पर्वतलाई जङ्गली साँढेजस्तै उफार्नुहुन्छ । परमप्रभुको वाणीले बिजुलीका चमकसहित प्रहार गर्छन् । परमप्रभुको वाणीले मरुभूमिलाई हल्लाउँछ, परमप्रभुले कादेशको मरुभूमिलाई कम्पित पार्दछ । परमप्रभुको वाणीले फलाँटका रूखहरूलाई बङ्ग्याइदिन्छ र जङ्गल लाछलुछ पारेर उजाड तुल्याउँदछ । अनि उहाँको मन्दिरमा सबै महिमा भन्दै कराउँछन् । परमप्रभु बाढीमाथि विराजमान हुनुहुन्छ । परमप्रभु सदासर्वदा राजाजस्तै सिंहासनमा विराजमान हुनुहुन्छ । परमप्रभुले आफ्ना मानिसहरूलाई शक्ति प्रदान गर्नुहुन्छ, परमप्रभु आफ्ना मानिसहरूलाई शान्तिको वरदान दिनुहुन्छ" (भजनसंग्रह २९:१-११) ।

प्रभु येशू ख्रीष्टले तपाईंलाई इमानदारपूर्वक बोलाउनुहुन्छ र यो नयाँ वर्षमा तपाईंलाई नया जीवन दिन चाहनुहुन्छ र तपाईं सुन्दर हुनुहुन्छ भनेर हेर्नुहुन्छ । प्रभु येशू ख्रीष्टले यो सन्देशद्वारा तपाईंको हृदयलाई ढकढक्याउनुहुन्छ । कृपया बेवास्ता नगर्नुहोस् ।

तपाई लामो समयदेखि ख्रीष्टियान हुन सक्नुहुन्छ । तपाईंले प्रभुको सेवा गर्नुभएको हुन सक्छ । तपाईंले भेटीको रूपमा धेरै पैसा पनि दिनुभएको हुन सक्छ । तैपनि तपाईंले आफ्नो पहिलो प्रेम त्यागिदिनुभएको छ भन्ने तथ्यमा प्रभुले चासो लिनुहुन्छ (प्रकाश २:४) ।

समयसँगै कसैले आफ्नो प्रार्थनाको समय घटाएको हुन सक्छ, जीवनमा पवित्रता र प्रार्थनाको कमी भएको हुन सक्छ । तिनीहरू व्यक्तिगत जीवन र पैसाका कुराहरूमा कम विश्वासयोग्य भएका हुन सक्छन् । तर तुरुन्तै सबै थोकहरूलाई सही बनाउनुहोस् । तपाईंको जीवनमा हस्तक्षेप गर्नुहुने प्रभु येशू बादलको सवारीमा चाँडै आउन सक्नुहुन्छ । "किनकि तिमीहरू आफैं रामरी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैं आउनेछ" (१ थेसलोनिकी ५:२) । उठाइलगिएपछि पश्चात्तापको निम्ति कुनै अर्थ छैन । प्रभु येशू ख्रीष्ट सेतो सिंहासनमा बस्नुहुनेछ र संसारको इन्साफ गर्नुहुनेछ । उहाँकहाँ आउनेहरू आशिषित हुन्छन् ।

## चाँडै नै हुन लागेका कुराहरूलाई ध्यान दिएर पढ्नुहोस्

"तब मैले एउटा सेतो ठूलो संहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें । उहाँको सामुन्नेबाट पृथ्वी र आकास भागेर गए र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन । मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिएका देखें र पुस्तकहरू खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो । समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले । तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो । मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन, त्यो अग्नि-कुण्डमा फालियो" (प्रकाश २०:११-१५) ।

## के हामी उम्कन्छौं ?

"ए इस्राएल, तिमी धन्यका हौ, परमप्रभुद्वारा मुक्ति पाएको जाति, तिमीजस्तो को छ र ? उहाँ तिम्रो ढाल र सहायक हुनुहुन्छ र तिम्रो महिमित तरवार । तिम्रा शत्रुहरू तिम्रा अगि लुरुक्क परेर आउनेछन् र तिमीले उनीहरूका अल्गा ठाउँहरूमा टेक्नेछौ" (व्यवस्था ३३:२९) ।

## ३. उहाँमा टाँसिनुहोस्, उहाँ तपाईंको जीवन र दीर्घायु हुनुहुन्छ

प्रियहरू, प्रभु येशू ख्रीष्टमा टाँसिएको मेरो दीर्घायु जीवन मीठो र फलदायी छ । यो स्वाद लिएपछि म यो कुरा तपाईंलाई बताउँछु । तपाईंले यो मौका गुमाउनुभएको छ भने तपाईंले धेरै कुराहरू गुमाउनुहुनेछ र हारेका मानिसहरूका बीचमा भएको पङ्क्तिमा उभिनुहुनेछ । येशूलाई स्वीकार नगरेको र विजयी जीवन नजिउनुभएको कारण तपाईंले पछुतो गर्न सक्नुहुन्छ । त्यसैले येशूकहाँ आउन तपाईंको निम्ति यो अत्यन्तै राम्रो समय हो । तपाईं आशिषित हुनुहुनेछ । प्रभु येशू ख्रीष्टकहाँ आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुहोस् । उहाँले तपाईंलाई आशिषित र दीर्घायु दिनुहुनेछ । तल दिइएको गीतको हरफहरू तपाईंको जीवनको अनुभव होऊन् ।

१. मेरो जीवन लिनुहोस् र त्यस्तो बनाउनुहोस्
प्रभु, तपाईंमा समर्पित,
मेरा क्षणहरू र मेरा दिनहरू लिनुहोस्
बन्द नहुने प्रशंसामा ती बहून्,
बन्द नहुने प्रशंसामा ती बहून ।

२. मेरा हातहरू लिनुहोस् र त्यसलाई चल्न दिनुहोस्
तपाईंको प्रेमको चाहनामा
मेरा गोडाहरू लिनुहोस् र त्यसलाई चल्न दिनुहोस्
तपाईंका निम्ति छिटो र सुन्दर,
तपाईंका निम्ति छिटो र सुन्दर ।

३. मेरो आवाज लिनुहोस् र मलाई गाउन दिनुहोस्
सधैं केवल मेरो राजाको निम्ति,
मेरो ओठ लिनुहोस् र ती होऊन्
तपाईंबाट आएका सन्देशहरूले भरिओस्,
तपाईंबाट आएका सन्देशहरूले भरिओस् ।

४. मेरा चाँदी र मेरा सुन लिनुहोस्,
म एउटै पनि लिन्नँ,
मेरा बौद्धिकता लिनुहोस् र प्रयोग गर्नुहोस्
तपाईंले छान्नुभएको रूपमा हरेक शक्ति,
तपाईंले छान्नुभएको रूपमा हरेक शक्ति ।

५. मेरा चाहना लिनुहोस् र ती तपाईंका बनाउनुहोस्,
त्यो अब मेरो नहोओस् ।
मेरो हृदय लिनुहोस्, त्यसलाई आफ्नै बनाउनुहोस्,
त्यो तपाईंको राजकीय सिंहासन होस्,
त्यो तपाईंको राजकीय सिंहासन होस् ।

६. मेरो प्रेम लिनुहोस्, मेरो प्रभु, म खन्याउँछु
त्यो सम्पत्तिको स्टोर तपाईंको गोडामा ।
मलाई लिनुहोस् र सदासर्वदा
केवल तपाईंकै बनाउनुहोस्,
केवल तपाईंकै बनाउनुहोस् ।

# एकले अर्कोलाई सान्त्वना देओ

जब हाम्रो समाजमा भएका ठूलो सङ्ख्याका मानिसहरू छन्, जसलाई सान्त्वना चाहिएको छ । हामीले तिनीहरूलाई सान्त्वना दिने भन्दा पनि दोष ठहराउने मानिसहरू पाउँछौं । जब कुनै गरिब मानिस आर्थिक सहायताको निम्ति धनी मानिसकहाँ जान्छ, उसमाथि कराइन्छ र पठाइन्छ । जब अशिक्षित मानिसले आफ्नो जीविका चलाउनको निम्ति मार्गको खोजी गर्छ, उसलाई शोषण गरिन्छ र छल गरिन्छ । आफ्नो रोगको शैयामा भएको मानिसलाई सान्त्वना दिनुको साटो चोट दिने शब्दहरू बोलिन्छ, जसले उसको रोगलाई अझ च्याप्दै लैजान्छ ।

किनकि यस्ता मानिसहरूका निम्ति सान्त्वना पाउने मार्गको रूपमा “मण्डलीको भेला” परमेश्वरले देखाउनुहुन्छ। बाइबलमा सन्त पावलद्वारा परमेश्वरले हामीलाई एकले अर्कालाई सान्त्वना दिन सिकाउनुभएको छ (१ थेसलोनिकी ४:१८)। पावलले हामीलाई आज्ञा मात्रै दिएका छैनन् तर सो आज्ञालाई कसरी पूरा गर्ने भनेर विशेष गरी बताएका छन् । उनले लेख्छन्: “त्यसकारण, यी वचनहरूले एकले अर्कालाई सान्त्वना देओ ।” यो सन्देशद्वारा कसरी सान्त्वना दिने र कसरी सान्त्वना पाउने भनेर परमेश्वर हामीसँग बोल्नुभएको होस् ।

यो खण्डमा परमेश्वरले तीन वटा महत्वपूर्ण कुराहरू प्रकट गर्नुहुन्छ (१ थेसलोनिकी ४:१६-१८) । अन्य कुनै वचनभन्दा पनि धेरै “यी वचनहरू”मा गहन अर्थ छ र उपयोगी छन् ।

## १. परमप्रभु (येशू) आफैं ओर्लनुहुनेछ

ईशापूर्वको पहिलो शताब्दीमा खीष्टियानहरूलाई हेरोदजस्ता राजाहरूले सताएका थिए । धेरै जना सहीदको रूपमा मरे। ती दिनका विशवासहरूको विश्वास समृद्धिमा थिएन । पत्रुस, यूहन्ना र पावलजस्ता प्रेरितहरूले समृद्धिको बारेमा सिकाएनन् । तर तिनीहरूसँग आफ्नो निम्ति पूर्णरूपमा “पासवर्ड” थियो र त्योचाहिँ “मारानाथा” थियो, जसको अर्थ “येशू चाँडै आउँदैहुनुहुन्छ” भन्ने हो । सुरुका खीष्टियानहरूमा पाइएका यी वचनहरू र विश्वासले तिनीहरूलाई जागृत बनाएको थियो, प्रभु येशू खीष्टलाई भेट्न पापरहित पवित्र जीवन जिउन उनीहरूलाई प्रेरित गरेको थियो। यो संसारको आकर्षक आशिष्हरूभन्दा स्वर्गमा भएको महिमित उत्तराधिकार उनीहरूका निम्ति अझ धेरै आकर्षक थियो। तिनीहरूले मण्डलीहरूमा निरन्तर परमेश्वरको प्रशंसा गरे। तिनीहरू कठिनाइबाट गुज्रिए पनि तिनीहरूले घोषणा गर्न सक्थे, “मेरो निम्ति जिउनु खीष्ट हो र मर्नुचाहिँ लाभ हो” (फिलेमोन १:२१) । जब तिनीहरूले परीक्षाहरूको सामना गरे, तिनीहरूले निडरताका साथ भने, “तर म एउटा काम गर्दछु कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु” (फिलिप्पी ३:१३,१४) ।

रोगलाई निको पार्न सकिन्छ तर त्योचाहिँ अन्त्य होइन । वर्षा भएपछि बारम्बार बादलहरू देखा परेझैं कुनै पनि मानिसको जीवनमा एकपछि अर्को रोगहरू आउँछ। जब कुनै व्यक्तिले आफ्नो ऋण चुक्ता गर्छ, उसले चैन भएको महसुस गर्छ । तर यो चैन स्थायी हुँदैन। यो कुरा जानेर येशू खीष्टको शक्तिलाई बुझेका सुरुका अभिषिक्त खीष्टियानहरूले एकले अर्कालाई सान्त्वना दिएका थिएनन् । सांसारिक भाषामा भन्नुपर्दा तर “मारानाथा” भने, जब तिनीहरूले अर्कोलाई सान्त्वना दिन चाहे ।

आज हामीले कसरी अरूलाई सान्त्वना दिएका छौं ? यी दिनहरूमा हामीले कसरी सान्त्वना पाएका छौं ? के हामीले केही पैसा पाएर सान्त्वना पाएका छौं ? हामीले केही रोगबाट छुटकारा पाएदेखि के हामीले सान्त्वना पाएका छौं ? जागिरमा उच्च तलबको कारण के हामीले सान्त्वना पाएका छौं ? यी सबै थोकहरू आवश्यक छन् । यी सान्त्वनाहरूभन्दा पनि माथि हामीसँग स्थायी सान्त्वना छ । येशू खीष्टको दोस्रो आगमन हाम्रो स्थायी सान्त्वना हो । अब स्थायी रूपमा सान्त्वना पाउन हामीले आफैंलाई तयार पारौं। यी वचनहरूका साथमा अरूलाई सान्त्वना दिन परमेश्वरले हामीलाई अनुग्रह देऊन् ।

## २. अनि खीष्टमा मरेकाहरू पहिले उठ्नेछन् (१ थेसलोनिकी ४:१६)

मृत्यु हरेक मानिसको जीवनमा पीडादायी अनुभव हो । हामीले आफैंलाई त्यस्तो अवस्थामा पाउनुपर्छ, जहाँ आफ्ना प्रियहरूलाई गुमाएका मानिसहरूलाई कसरी सान्त्वना दिने भनेर हामीले अचम्म मानेको हुनुपर्छ। खीष्टियानहरूका रूपमा हामी यस्ता मानिसहरूकहाँ पुग्छौं र भन्छौं, “मृतक व्यक्तिले उत्पन्न गरेको रिक्त स्थान परमप्रभुले भर्नुभएको होस् ।” यस्ता मानिसहरूकहाँ पुग्ने अर्को तरिकाचाहिँ मनोवैज्ञानिक वा बौद्धिक तरिका हुन्छ र उनीहरूलाई सान्त्वना दिने कोसिस गर्नुहोस्। हामीले केही हदसम्म सान्त्वना दिन सक्छौं, स्थायी सान्त्वनाचाहिँ प्रेरित पावलको वचनहरूमा मात्रै पाइन्छ । हितोपदेशमा हामीले पढ्छौं, “धर्मीले चाहिँ मृत्युमा समेत आश्रय पाउँछ” (१४:३२) । आफ्नो मृत्युपश्चात् आफूले अनन्त जीवनमा

जान लागेको छु भन्ने बलियो विश्वास धर्मी मानिसमा हुन्छ र जब ख्रीष्ट संसारमा फेरि आउनुहुन्त अब मृतकबाट जीवित हुनेमा आफू भाग्यमानी हुन्छु भनेर पनि उसलाई थाहा छ । ख्रीष्टलाई पुनरुत्थान भएपछि सबैभन्दा पहिले देख्ने मरियम ठूलो आनन्दले भरिएकी थिइन् । त्यस्तै गरी, जीवित भएका सन्तहरूले भन्दा पनि पहिले मृत भएका सन्तहरूले राजाहरूका महाराजा र प्रभुहरूका महाप्रभुलाई देख्न लागेका छन् भनेर जान्न पाउनु ठूलो आनन्दको कुरो होइन र ? हृदयमा यस्तो आनन्दको साथमा प्रेरित पावलले लेख्छन्, "ए मृत्यु, तेरो विजय कहाँ ? ए मृत्यु, तेरो खील कहाँ ?" (१ कोरिन्थी १५:५५) । यी वचनहरूका साथमा हामीले बिरामी परेका र आफ्ना प्रियजनलाई गुमाएकाहरूलाई सान्त्वना देऔं ।

सोही समयमा, परमप्रभुले हामीलाई मण्डलीमा भेला हुन बोलावट दिनुभएको छ, जहाँ मानिसहरूले अर्को तरिकामा एकले अर्कालाई सान्त्वना दिएका थिए । ताकि हामीले प्रभु येशू ख्रीष्टको दोस्रो आगमनमा सबैभन्दा पहिले पुनरुत्थान हुने मौकामा आनन्द गर्न सकौं ।

## हामी सदाको निम्ति परमप्रभुसँग हुनेछौं

"ख्रीष्टसँग सदाको निम्ति जिउने" कुराचाहिँ सबै आशाहरूमध्ये ठूलो आशा हो र उहाँमाथि विश्वास गर्दै जिउने उहाँका मानिसहरूलाई परमप्रभुले यही आशा दिनुहुन्छ । प्रेरित पावल लेख्छन् कि "बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ" ( फिलिप्पी १:२३) ।

एक्लो जीवन जिउनेहरूले कहिल्यै पनि सान्त्वना पाउँदैनन् । एक्लोपना र रित्तोपनाको अवस्था मानिसहरू सहन असफल हुन्छ । यस्ता अवस्थाहरूमा योचाहिँ आनन्द दिने तथ्य हो कि ख्रीष्ट फेरि आउन लाग्नुभएको छ र हामी सदा उहाँको निम्ति जिउन सक्छौं, जसले हामीलाई साँचो सान्त्वना दिन्छ । सदा परमप्रभुसँग जिएर आनन्द कसले गर्नेछ भनेर पनि हामीले जान्नुपर्छ । अनन्तमा यस्तो जीवनको बारेमा हामी निश्चित भए पनि हामीले संसारमा त्यस्तो जीवन जिउनु आवश्यक हुन्छ । यस्तो जीवनले हामीलाई सान्त्वना दिनेछ र उहाँको दोस्रो आगमनपछि उहाँसँग सदा जिउन हामीलाई तयार गर्नेछ । "हनोक परमेश्वरसँग हिँडे" (उत्पत्ति ५:५५) । "परमेश्वरको नजिक जानु मेरो निम्ति असल कुरा हो" (भजनसंगृह ७३:२८) । आफू सदा परमेश्वरसँग छु भनेर थाहा भएको कुरामा आफू सन्तुष्ट टछु भनेर भजनसंग्रहका लेखकले भनिरहेका छन् भनेर हामीले पाउँछौं । जब ख्रीष्ट मरियममा शिशु हुनुहुन्थ्यो, तिनको "आत्माले आफ्नो मुक्तिदाता परमेश्वरमा आनन्द गरेको थियो" (लूका १:४७) । ख्रीष्टियानहरूको जीवनको निम्ति समृद्ध हुन ख्रीष्टमा संगति अत्यन्तै आवश्यक हुन्छ । परमप्रभु परमेश्वर हामीसँग हुनुहुन्छ भन्ने कुराको ज्ञान ठूलो सान्त्वना हो ।

येशूले भन्नुभयो, "हेर, म ढोकामा उभिएर ढक्ढक्याउँछु । कसैले मेरो आवाज सुन्छ र ढोका खोल्छ भने म उसकहाँ भित्र आउनेछु र ऊसँग खानेछु र ऊ मसँग हुनेछ" ( प्रकाश ३:२०) । यो बहुमूल्य निम्तोलाई स्विकार गर्नेहरूले सान्त्वना पाउनेछन् । जसरी शुलामाइटले भने, "उहाँले मलाई भोजको गृहमा लानुभएको छ र ममाथि भएको उहाँको झन्डा प्रेम हो" (श्रेष्ठगीत २:४) । हामी पनि उहाँको प्रेमको झन्डामुनि जिऔं । त्यसपछि, हामीले वास्तवमै सान्त्वना पाउनेछौं । परमेश्वरको अनुग्रह हामीसँग रहोस् ।

---


**Echo of His Call Advertisement Rates**

| Size | One Language Only | In All 16 languages |
|---|---|---|
| Quarter Page | Rs. 2,000 | Rs. 30,000 |
| Half Page | Rs. 3,500 | Rs. 50,000 |
| Full Page | Rs. 5,000 | Rs. 70,000 |


## समाचार:

### बालविवाह विरुद्ध लडाइँ

विगत तीन दशकदेखि बालविवाहको दर ५० प्रतिशतबाट २७ प्रतिशतमा (२०१६, युनिसेफ) घट्नुको साटो भारतमा यो अझै फैलिरहेको छ । भारतमा हरेक दिन १५,६०० केटीहरूलाई (अथवा हरेक वर्ष करिब १ करोड ५० लाख दुलहीहरूका बारेमा भएको विश्वव्यापी दरको तुलनामा हरेक वर्ष करिब ६० लाख) बालविवाहमा दिइन्छन् । केटीहरूलाई जबरजस्ती स्कुल जानबाट बञ्चित गरिन्छ र तिनीहरू आफ्ना पतिको घरमा दास बन्छन् । तिनीहरू गर्भवती भए भने तिनीहरूमा मृत्युको जोखिम हुन्छ किनभने तिनीहरूका शरीर बच्चा जन्माउन तयार भएका हुँदैनन् । डा. अशोक दयालचन्द त्यस्ता मानिस हुनुहुन्छ, जसले ४० वर्षदेखि बालविवाहको विरुद्धमा अभियान चलाइरहनुभएको र केटीहरूका निम्ति समान अधिकारको निम्ति लडिरहनुभएको छ । भेलोर, ख्रीष्टियान मेडिकल कलेजका संस्थापक डा. अशोकलाई करोडौं बालबालिकाले सन् २०१९ बालअधिकार हिरो हुन र "बालबालिकाको नोबेल पुरस्कार" को रूपमा चिनिने विश्वको बालबालिकाको पुरस्कार (डब्लुसीपी) को उत्तराधिकार बन्न छानेका छन् । अशोक र उहाँको संस्था आइएचएमपीले केटीको क्लबहरू बनाएका छन्, जुनले १९७५ देखि ५०० वटा गाउँहरूमा केही ५०,००० केटीहरूलाई आफ्ना अधिकारको बारेमा सिक्न र जीवनोपयोगी शिक्षा प्राप्त गर्न सक्षम बनाएका छन् । ज्ञान, आत्मविश्वास र एक अर्काबाट सहायताको साथमा केटीहरूले आफ्ना अभिभावकहरूलाई बालविवाहमा तिनीहरूलाई बाध्य नपार्न बुझाएका मात्रै छैनन् तर तिनीहरूलाई स्कुलको अध्ययन पूरा गर्न पनि सम्झाएका छन् ।

(स्रोत: https://worldschildrensprize.org/ashokstory)

- फोररनर (अगस्त २०१९)



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

**"परमेश्वर अन्यायी हुनुहुन्न र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न । तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौ" (हिब्रू ६:१०) ।**

१९८२ मा हामीले सेवकाइमा अत्यन्तै धेरै यात्राहरू गर्नुपरेको थियो र सोही समयमा मैले आफ्नो स्थानीय सेवकाइमा पनि केन्द्रित हुनुपरेको थियो । ती दिनहरूमा मैले दाहिने हातमा अत्यन्तै धेरै पीडा महसुस गरेको थिएँ । परिणामस्वरूप, मैले पत्रिकाको निम्ति लेखहरू लेख्न सकिनँ र केही अन्य जिम्मेवारीहरू पनि मैले पूरा गर्न सकिनँ । मैले नता आफ्नो कलम समात्न सकें, नता कुनै सवारी साधन चलाउन सकें । मैले आफ्नो दायाँ हात टेबलमा राख्न चाहन्थें भने मैले आफ्नो बाँया हातको सहायताले मात्रै त्यस्तो गर्न सक्थें । मेरा सम्पूर्ण कार्यहरूका निम्ति मैले अरूको भर पर्नुपथ्र्यो । त्योभन्दा पनि म अत्यन्तै पीडामा थिएँ ।

मैले प्रार्थना मात्रै गरिनँ तर केही व्यायामहरू पनि अभ्यास गरें । यो अवस्था एक वर्षको निम्ति भएको थियो । जब पीडा बढ्दै गयो, मेरो निम्ति कुनै समाधान हुँदैन भनेर मैले विचार गरें ।

## परमेश्वरले बाटो बनाउनुभयो

एक दिन परमेश्वरका पुराना दास आफ्नी पत्नीको साथमा मलाई भेट्न आउनुभयो । उहाँको सेवकाइमा उहाँलाई सहायता गर्न उहाँले मसँग आग्रह गर्नुभयो । हाम्रा मण्डलीहरू र सेवकाइहरूमा हुने विशेष भेटघाटहरूमा मैले उहाँहरूलाई प्रयोग गर्न सुरु गरें । मैले उहाँको सन्देशहरूलाई अङ्ग्रेजीबाट तामिलमा अनुवाद गर्नुपथ्र्यो र मैले उहाँहरूलाई विभिन्न स्थानहरूमा लैजानु पनि पथ्र्यो । परमेश्वरले उहाँहरूलाई शक्तिशाली रूपमा प्रयोग गर्नुभयो । केही मानिसहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरे । कति धेरै मानिसहरूले दीर्घकालीन ढाडको पीडा, घाँटीको पीडा, आदिबाट छुटकारा पाएको मैले अवलोकन पनि गरिरहें । केही त दुष्टात्माहरूका कार्यबाट पनि छुटकारा पाएका थिए । तर मेरो हातमा भएको पीडाको बारेमा मैले कहिल्यै पनि उहाँलाई बताइनँ ।

त्यो जोडी अत्यन्तै बुढा भइसकेका थिए, मैले आफ्नो साथै उनीहरूका दुई वटा सुटकेसहरू पनि बोक्नुपथ्र्यो । तर मैले त्यो खुसीसाथ गरें तर मेरो हातमा त्यो पीडाको साथमा नै । धेरै पटक परमेश्वरका ती जनले मलाई सोधेका थिए, "भाइ, के तपाईंले ती सबै बोक्न सक्नुहुन्छ ? के तपाईं ठीकै हुनुहुन्छ ?" एक पटक जब हामी मुनार, केरेला प्रान्तमा थियौं, मैले हाम्रा सबै झोलाहरू बसमा हाल्ने कोसिस गरिरहेको थिएँ । तर दुर्भाग्यवश हामी सबै सुटकेसहरू र अन्य यात्रुहरूका सुटकेसहरू मतिरै ढल्कियो र मलाई तल धकेल्दै ममाथि वर्षियो । कसरी सबै यात्रुहरू चिच्याएका थिए र त्यो अन्योलताबाट बाहिर निस्केर कसरी सहायता गरे भनेर म कहिल्यै बिर्सन सक्दिनँ । दिनदिनै मेरो दायाँहातमा भएको पीडा बढ्दैथियो । मैले सुटकेसहरू बोक्नुको साथै अनुवादको मेरो सेवकाइलाई पनि निरन्तरता दिइरहेको थिएँ ।

अन्त्यमा, त्यो जोडीले भारतमा आफ्नो सेवकाइ पूरा गरे र चेन्नाइबाट हवाइ यात्राबाट आफ्नो देशमा फर्किए । जब म उहाँहरूलाई पुऱ्याउन विमानस्थल गएको थिएँ, त्यो पीडा असहनीय भएको थियो । तर जब म उहाँहरूलाई विमानस्थलमा छोडेर फर्किएँ, मैले एक वर्षदेखि अनुभव गरिरहेको पीढा पूर्णरूपमा हराएको थियो । त्यो समयदेखि मैले आफ्नो हात स्वतन्त्र रूपमा चलाउन र सबै प्रकारका कामहरू गर्न सक्थें ।

मैले त्यो पीडा अनुभव गरेको ३० वर्ष बितिसकेको छ । त्यसभन्दा पछि मैले त्यस्तो प्रकारको पीडा कहिल्यै अनुभव गर्नुपरेको छैनँ । मैले आश्चर्यजनक चङ्गाइ पाएको थिएँ । वास्तविकताचाहिँ मैले आफ्नो शारीरिक पीडालाई ध्यानमा नराखी मैले उहाँहरूको सेवा गरें, ती जोडीमा भएको चङ्गाइको शक्ति ममाथि परेको थियो र मलाई निको पारेको थियो । पछि मेरो जीवनमा मैले ती परमेश्वरका जोडीहरूलाई कहिल्यै देखिनँ । मैले उहाँहरूलाई सम्पर्क पनि गर्न सकिनँ । म केवल उहाँहरूको नाम सम्झन्छु: श्रीमान हेजस् र स्याली हेजस् ।

आज परमेश्वरले मलाई धेरै सहपास्टरहरू र कर्मचारीहरूको साथमा आशिष् दिनुभएको छ र मलाई बच्चालाई झैं वास्ता गरिएको छ । परमेश्वरले मलाई जोगाइरहनु पनि भएको छ । मलाई सहायता गर्न तयार हुनुभएका परमेश्वरका धेरै मानिसहरू पनि हुनुहुन्छ । म संसारको जुनसुकै स्थानमा गए पनि मलाई सहायता गर्ने राम्रा परमेश्वरलाई मन पराउने मानिसहरू परमेश्वरले प्रदान गर्नुभएको छ ।

प्रिय पाठकहरू, के सेवकाइमा तपाईंको यात्राको बाटो अत्यन्तै कठिन छ ? परमेश्वरले तपाईंलाई भोक, भोकमरी, रोग र ऋणमा रहन किन अनुमति दिइरहनुभएको छ भनेर सोच्दै के तपाईंले तीतोपना महसुस गर्नुभएको छ ? जब परमेश्वरका अन्य सेवकहरू आनन्ददायक जीवन जिइरहँदा तपाईं एक्लैले किन यति लामो कठिनाइ सामना गरिरहनुभएको छ भनेर के तपाईंले सोच्नुहुन्छ ? हरेस नखानुहोस् । तपाईंले परमेश्वरको निम्ति गर्नुभएका साना कार्यहरू र तपाईं गुज्रिनुभएका ठूला परीक्षाहरू सबै परमप्रभुको सम्झनाको पुस्तकमा लेखिएका छन् । सही समयमा परमेश्वरले त्यसलाई जीवन दिनुहुनेछ र तपाईंका निम्ति सबै थोक आशिष्मा परिणत गर्नुहुनेछ । "परमप्रभुको बाटो हेर्ने, उहाँलाई खोज्नेहरूप्रति परमप्रभु कृपालु हुनुहुन्छ" (विलाप ३:२५) ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

# बोलावटको प्रतिध्वनि

१६ वटा भाषामा मासिक पत्रिका, बाइबल कलेजहरू, पत्राचार कोर्सहरू, मण्डली स्थापना, गाउँ अङ्ग्रेजी हाइ स्कुल, सुसमाचारीय छापाखाना, क्रुसेडहरू, सेमिनारहरू, सामाजिक सेवाहरू, आदि।

**वार्षिक ग्राहकः रु. १००/–**

**आजीवन ग्राहकः रु. २,०००/–**

**बोलावटको प्रतिध्वनि सेवकाइका** बहुसङ्ख्यक क्रियाकलापहरू तपाईंजस्तै परमेश्वरका छोराछोरीका स्वेच्छा भेटी र चन्दाहरूबाट सहायता गरिएको छ। प्रभुले तपाईंलाई अगुवाइ गर्नु भएअनुसार तपाईंले **बोलावटको प्रतिध्वनि** र यसका क्रियाकलापहरूमा सहायता गर्न सक्नुहुन्छ। सुसमाचार नपुगेका मानिसहरूका बीचमा सुसमाचार पुऱ्याउन र मण्डलीहरू स्थापना गर्न हामीलाई तपाईंको सहायताको खाँचो छ।

तपाईंलाई **बोलावटको प्रतिध्वनि** पत्रिका नियमित रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने कृपया हामीलाई पत्राचार गर्नुहोस्। जब तपाईंले आफ्नो हुलाक वा इमेल ठेगानाहरू परिवर्तन गर्नुहुन्छ, कृपया हामीलाई तपाईंको पुरानो र नयाँ ठेगानाको बारेमा जानकारी दिनुहोस्।

**बोलावटको प्रतिध्वनि** हाम्रो वेबसाइटमा १६ वटा भाषाहरूमा पनि उपलब्ध छ। तपाईंले वेबसाइटमा गएर पढ्न साथै त्यसलाई डाउनलोड गरेर पढ्न सक्नुहुन्छ र आशिष् पाउन सक्नुहुन्छ।

तपाईंका पत्रहरू, प्रार्थनाका आग्रहहरू र तपाईंका आर्थिक सहायताहरू ( डी.डी., चेक, मनी अर्डर, आदि) तपाईंले तल दिइएको ठेगानामा **बोलावटको प्रतिध्वनिमा** पठाउन सक्नुहुन्छ।

कृपया तपाईंको **ल्यान्ड लाइन फोन/मोवाइल नम्बरहरू र इमेल ठेगानाहरू** अपडेटको निम्ति पठाउनुहोस्।


## ECHO OF HIS CALL

10, MOHAMMED ABDULLAH 2nd STREET, CHEPAUK
CHENNAI - 600 005, INDIA
PH : (+91-44) 2852 8282, 2852 9293, 2854 7766
CELL : (+91) 98410 71852, 95661 31858
E-mails : sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites : www.echoofhiscall.org / www.echoofhiscall.com

YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO

# हाम्रो मुख्य कार्यालयमा हुने निम्न सेवाहरूको लागि प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभाः : चौबीसै घण्टा

२. **बाइबलकोर** - बाइबल करेस्पोस्न्डेन्स् कोर्सेसः अङ्ग्रेजी, हिन्दी र तमिल

३. **बोलावटको प्रतिध्वनि** पत्रिकाः अङ्ग्रेजी, हिन्दी, तमिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्दू, सिन्हाला र अफ्रिकी भाषामा ।

४. नेहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू)

५. ईश्वरशास्त्र पत्राचार कोर्स तामिल र अङ्ग्रेजी

६. महान् आज्ञाका साझेदारहरू

७. तालिम कार्यक्रम

८. फिल्म सेवा र क्रुसेडहरू

९. साहित्य सेवा- फलो अप अर्थात् अनुगमन

१०. सुसमाचार छापाखाना- प्रकाशन

११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय

| | | |
|---|---|---|
| १२. | बालसंगति | आइतवार बिहान ८:३० बजे |
| १३. | **तमिल सेवा** | **बिहान ५:००, ७:०० बजे र १०:०० बजे आइतवार** |
| १४. | **तेलुगू सेवा** | **आइतवार साँझ ४:०० बजे** |
| १५. | **हिन्दी सेवा** | **आइतवार ५:०० बजे** |
| १६. | **मलायलम सेवा** | **आइतवार ५:०० बजे** |
| १७. | **अङ्ग्रेजी र तमिल सेवा** | **आइतवार ६:०० बजे** |
| १८. | ट्रयाक्स् वितरण | आइतवार साँझ ४: ०० बजे |
| १९. | पास्टरीय परामर्श | आइतवार बेलुका ७: ३० बजे |
| २०. | स्त्रीहरूको प्रार्थना | बुधवार बेलुका ५:३० बजे |
| २१. | मध्य साता आराधना सेवा | बुधवार साँझ ६:३० बजे |
| २२. | पुरुषको प्रार्थना | शुक्रवार साँझ ७:०० बजे |
| २३. | शनिवारको सेवा | शनिवार साँझ ५:०० बजे |
| २४. | कर्मचारीहरूको संगति | शनिवार साँझ ६:०० बजे |
| २५. | घरेलु संगति | साँझ ६:३० मंगलवार, बिहीवार र शुक्रवार |
| २६. | विशेष पवित्र प्रभुभोज | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २७. | सेवकाइ पुनरावलोकन बैठक | पहिलो आइतवार सांझ ५:३० बजे |
| २८. | अभिभावकको प्रार्थना | पहिलो आइतवार साँझ ४:०० बजे |
| २९. | उपवास प्रार्थना | पहिलो शनिवार ९:३० बजे |
| ३०. | रात्री प्रार्थना | दोस्रो शुक्रवार साँझ ९:३० बजे |
| ३१. | प्रभुभोज सेवा | दोस्रो आइतवार सेवा |
| ३२. | बिहानको आराधना | प्रत्येक बिहान ५:०० बजे |
| ३३. | कर्मचारी आराधना सेवा | प्रत्येक बिहान ९:०० बजे |
| ३४. | कार्यालय समय | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |


RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/18-20
WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS / 1 Patrika Channel"
on 17th FEBRUARY 2020
If un-delivered please return to:
ECHO OF HIS CALL (NEPALI)
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766


***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**